आज मिति २०८१/०२/०७ गते सोमबारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बंद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री रामकुमारी सदा | सदस्य | रामकुमारी |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | पुनिता |
| १५ | श्री तारणी प्रसाद यादव | सचिव | |

प्रस्तावहरु:

१. राधाकृष्ण मन्दिर निर्माण सम्वन्धमा ।
२. भू-उपयोग क्षेत्र नक्सा सम्वन्धमा ।
३. कित्तागत विवरण सम्वन्धमा ।
४. विविध ।

निर्णयहरु:

१. प्रस्ताव नं १ माथि छलफल गर्दा रुपनी गाउँपालिका वडा नं. १ कोइलिदहमा उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयबाट आ.व. ०८०/०८१ मा श्री राधाकृष्ण मन्दिर निर्माण कार्यका लागि वजेट विनयोजन भइ प्राप्त भएको हुदाँ उक्त स्थानमा सार्वजनिक जग्गा नहरेको र रुपनी गाउँपालिका वडा नं. १ बस्ने हरि नारायण यादवको वुहारी मुंगालाल यादवको छोरी कृष्ण देव यादवको पत्नी ना.प्र.नं. ३५७७ को सावित्री देवी यादवको नाम रहेको नकटी रायपुर ८(छ) को कि.नं. ३२९ को ज.वि.०-७-० मध्ये उत्तर तर्फवाट हाइवे सँग जोडिएको जग्गा राधाकृष्ण मन्दिरको नाममा दान गर्ने भन्ने लिखित सहमति भएको हुदाँ उक्त जग्गा हाल यस गाउँपालिका अन्तरगत किता काट वन्द रहेको हुदाँ जग्गा नामसारी हुन नदेखिएकोले किताकाट खुलिए पछि नामसारी गर्ने गरी सो स्थानमा लिखित सहमतिको अधारमा निर्माण कार्य गर्न गराउन सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

२. यस रुपनी गाउँपालिका र वियोन्ड इमाजिनेसन कन्स्ट्रक्सन प्रा.लि. परामर्श दाता वीच सम्झौता भई तयार गरिएको भू-उपयोग क्षेत्र नक्सा र सो को अन्तिम प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

३. यस गाउँपालिकाले नापी विभाग सँग प्राविधिक सहयोग मा गरी नापी विभागद्वारा तयार गरी प्राप्त कित्तागत विवरण अभिलेख पारित गर्ने निर्णय गरियो ।

४. पारित भू-उपयोग क्षेत्र नक्सा कित्तागत विवरण कार्यान्वयन गर्न नापी कार्यालय राजविराज,सप्तरी ,मालपोत कार्यालय राजविराज,सप्तरी,नापी विभाग मीनभवन,काठमाडौ,भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय जनकपुरधाम, मधेश प्रदेश तथा संघीय भू-उपयोग परिषदको लागि भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय सिंहदरबार काठमाडौ पठाउने निर्णय गरियो ।

आज मिति २०८०/०२/१० गते बुधबारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री वद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | पुनम |
| १३ | श्री रामकुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री रमेश प्रसाद यादव | सचिव | |

**प्रस्ताव नं. १ निर्माण कार्य सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस रुपनी गाउँपालिका अन्तर्गतको १५ शैया अस्पताल निर्माण कार्य यस गा.पा.को च.न.१४२६ मिति २०८०/०१/०६ गतेको पत्रले रोक्का राखिएकोमा उक्त निर्माण कार्य पुनः श्री HTC Construction Nayara J/V मार्फत संचालन गराउने निर्णय गरियो।

**प्रस्ताव नं. २ औषधि खरिद सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० स्वास्थ्य तर्फ संघिय सरकार शर्शत अनुदान तर्फ आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिदमा रु.२२,१०,०००।- र संघिय सरकार वित्तिय सामानिकरण अनुदान तर्फ नीती कार्यक्रम तथा वजेटमा स्वास्थ्य शाखाको लागि निःशुल्क स्वास्थ्य सेवाको लागि औषधी खरिदमा रु.९,६७,०००।- गरि जम्मा रु.३१,७७,०००।- अक्षरेपी रु. एकतिस लाख सतहत्तरी हजार मात्र विनियोजन भएकोमा औषधी तथा सर्जिकल सामानहरु सम्वन्धि शिलबन्दी दरभाउपत्र आह्वान सम्वन्धी ठेक्का नं. १/०७९/०८० मिति २०७९/१०/११ को प्रकाशित सुचना अनुसार समय सिमा भित्र दर्ता हुन आएको शिलवन्दी दरभाउपत्रहरु मध्ये तेकिएको समयमा खोलि मुल्याङ्कन समितीको निर्णय अनुसार सव भन्दा कम कवोल अंक श्री केवलेश्वर मेडिसेल्स काराघारी,काठमाण्डौको भएकोले सव भन्दा कम कवोल अंक रु. ७,९२,३४०।- (अक्षरेपी सात लाख व्यानवे हजार तिन सय चालिस मात्र ) को औषधी खरिद भईसकेको हुदा वाकि रकम रु.२३,८४,६६०।- (अक्षरेपी तैस लाख चौरासि हजार छ सय साठी मात्र ) रहेकोमा सो मध्ये संघिय सरकार शर्शत अनुदान तर्फ वाकी रहेको रु.१४,१७,६६०।-( अक्षरेपी चौदह लाख सतर हजार छ सय साठी रुपैया मात्र ) मध्ये यस गाउँपालिकाको खरिद समितिको मिति २०८०/०२/०७ गतेको वैठकको निर्णय अनुसार स्वास्थ्य संस्थालाइ चाहिने अति आवश्यक औषधीहरु त्यही दर रेटमा श्री केवलेश्वर मेडिसेल्स काराघारी,काठमाण्डौ बाट खरिद गर्ने निर्णय भएको हुदा थप प्रकृया अगाडी वढाउन निर्णय गरियो ।

आज मिति २०८१/०२/२३ गते बुधबारका दिन रुपनी गाउँपालिका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसियो ।

**तपसील:**

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ लौगी | सदस्य | |
| ३ | श्री लीला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया | सदस्य | |
| ६ | श्री छेदी इसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री राम कुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री तारणी प्रसाद यादव | सदस्य सचिव | |

**प्रस्ताव नं.१० खरिद भएको खेलकुद सामग्रीहरुको भुक्तानी सम्बन्धमा।**

प्रस्ताव नं १० माथि छलफल गर्दा यस रुपनी गाउँपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुको सिफारिसमा भएको विभिन्न खेलकुद सामग्रीहरुको बाँकी रहेको सामग्रीहरुको बिल अनुसारको भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.११ गाउँपालिकाको नाम रहेको ४ पाङ्ग्रे गाडी स्कापियोको मर्मत रकम भुक्तानी सम्बन्धमा।**

प्रस्ताव नं ११ माथि छलफल गर्दा यस रुपनी गाउँपालिकाको नाममा रहेको स.१ झ. ५१८ नं. को गाडी मिति २०७९/०३/२३ गते कार्यालयको कामकाजको दौरान दुर्घटना भएको हुदाँ उक्त गाडी मर्मत भई आएको हुदा बिल अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१२ आ.वि.छपकी भथौलको शिक्षक भर्ना परिक्षा सञ्चालन खर्च भुक्तानी सम्बन्धमा।**

प्रस्ताव नं १२ माथि छलफल गर्दा रुपनी गाउँपालिका वडा नं.४ स्थित श्री आ.वि.छपकी भथौलमा शिक्षक भर्नाका लागि लिएको परिक्षामा भएको थप खर्च विविध शिर्षकबाट रु.२५,०००/- भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ योजना तथा कार्यक्रमको सम्झौता सम्बन्धमा ।**

प्रस्ताव नं ५ माथि छलफल गर्दा आ.व.२०८०/८१ को यस गाउँपालिकाको गाउँपालिका स्तरीय तथा वडा स्तरीय योजनाका सम्झौता मिति २०८१/०२/२५ गते सम्मको लागि थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ अमानत प्रक्रियाबाट योजना सञ्चालन सम्बन्धमा ।**

प्रस्ताव नं ६ माथि छलफल गर्दा रुपनी गाउँपालिका वडा नं १ रायपुरको विनोद यादवको घर देखी हरि नारायण यादवको घर सम्म माटो खनी ६ इन्ची पाइप ओछ्याउने कार्य अमानत प्रक्रियाबाट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७ दिवा खाजा निकासा सम्बन्धमा ।**

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालन रहेका सामुदायिक विद्यालयहरुको आ.व.२०८०/८१ को श्रावण देखी हाल सम्मको दिवा खाजाको भुक्तानी नभएको हुदाँ हालको मितिमा सम्झौता गरी दिवा खाजा निकासा दिने निर्णय गरियो ।

**प्रस्ताव नं ८ आ व २०८१/०८२ को गाउँ सभा सञ्चालन सम्बन्धमा ।**

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउँपालिकाको आ व २०८१/०८२ को गाउँसभा २०८१ साल असार १० भित्र गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.९विभिन्न संघसंस्था धार्मिक कार्यक्रमको लागि रकम भुक्तानी सम्बन्धमा।**

प्रस्ताव नं ९ माथि छलफल गर्दा आ.व.२०८०/०८१ को गाउँसभाबाट स्वीकृत योजना तथा कार्यक्रमको विनियोजित विभिन्न संघ संस्था अनुदान तथा विविध धार्मिक तथा सांस्कृतिक कार्यक्रम शिर्षक बाट तपसिलका कार्यक्रमको लागि रकम भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल:

१. कबिर दास इन्टरनेशनल सम्मेलन समिति -४०,०००/-

२. तीज पर्व समिति -८०,०००/-

३. पिता परमेश्वर कार्यक्रम समिति -५०,०००/-

४. दाहा मेला सञ्चालन समिति -३५,०००/-

**प्रस्ताव नं १ सेफ्टी ट्याङ्की खरिद सम्बन्धमा ।**

प्रस्ताव नं १ माथि छलफल गर्दा सेफ्टी ट्याङ्की खरिद गर्नको लागि E-Bidding प्रक्रियामा कुनै पनि फर्म वा संस्थाले दरखास्त पेश नगरेकोले पुनः कोटेशन प्रक्रियाबाट खरिद गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ करार कर्मचारी भर्ना सम्बन्धमा ।**

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाबाट मिति २०७९/१२/१३ गते प्रकाशित सेवा करार पदपूर्ती गर्ने सम्बन्धि सूचनाको प्रक्रियालाई तत्काल सुचारु गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ छनौट तथा पदपूर्ती समिति गठन सम्बन्धमा ।**

प्रस्ताव नं ३ माथि छलफल गर्दा करार सेवामा कर्मचारी पदपूर्ती गर्नको लागि यस गाउँपालिकाको कार्यविधि अनुसार तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

- तारणी प्रसाद यादव - संयोजक
- राम कुमार भगत - सदस्य
- सुनिल कुमार यादव - सदस्य

**प्रस्ताव नं ४ आ.व.२०८०/८१ मा खोलिएको बोलपत्रमा ठेक्का नं RRM/Saptari/work/NCB/03/080/081 को मिति संशोधन सम्बन्धमा सम्बन्धमा ।**

प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व.२०८०/८१ मा खोलिएको बोलपत्रमा ठेक्का नं RRM/Saptari/work/NCB/०३/०८०/०८१ Agriculture Electrification Work For Irrigation Of Different word of Rupani Rural Municipality को Bidding Document मा सार्वजनिक खरिद नियमावली २०६४ को ५४ क बमोजिम Bid Validity Period 90 Days भए बमोजिम राखिएको र प्राविधिक त्रुटीको कारणले सूचना पत्रमा 120 Days भएकोले सार्वजनिक नियमावली २०६४ को ५४ क बमोजिम नै मूल्याङ्कन गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

आज मिति २०८१/०२/२५ गते शुक्रवारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा वस्यो ।

तपसील :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री वद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | पुनम |
| १३ | श्री रामकुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | पुनिता |
| १५ | श्री तारणी प्रसाद यादव | सचिव | |

**प्रस्ताव नं. १ आगामी आ.व. ०८१/८२ को गाउँसभा अधिवेशन बैठक सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथी छलफल गर्दा आगामी आ.व. २०८१/८२ को श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट प्राप्त आयको प्रक्षेपण र सोको सन्तुलित विवरणको खाका तथा बजेट सीमा निर्धारण गरि पेश भएको हुदाँ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९ बमोजिम रुपनी गाउँपालिकाको गाउँसभा अधिवेशनको बैठक मिति २०८१/०३/०५ गते सोमबार बस्ने गरी तपशिल बमोजिम कार्य सुचि स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिलः-

| सि.नं. | विषय / क्रियाकलाप | मिति / समय | कैफियत |
|---|---|---|---|
| १. | स्वीकृत वडा सिलिङ्ग बमोजिम योजना छनौट गरि पेश गर्ने | २०८१/०२/३२ गते सम्म | वडा समितिको निर्णय सहित पेश गर्नुपर्ने |
| २. | विषयगत क्षेत्रका योजना तथा कार्यक्रम छनौट गरि पेश गर्ने | २०८१/०२/३२ गते सम्म | विषयगत समितिको निर्णय सहित पेश गर्नुपर्ने |
| ३. | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०८१/०३/०२ गते दिनको ५ बजे | रुपनी गाउँपालिका सभाहल |
| ४. | कार्यपालिका बैठक (बजेट तथा कार्यक्रम उपर छलफल तथा स्वीकृत ) | २०८१/०३/०४ गते विहान ८ बजे | रुपनी गाउँपालिका सभाहल |
| ५. | गाउँसभा अधिवेशन | २०८१/०३/०५ गते विहान ११ बजे | रुपनी गाउँपालिका सभाहल |